# ५ पुजारीले लगाउने अनुग्रहको पोसाक

*यस अध्यायको निम्ति पढ्नुहोस्ः* प्रस्थान ३२ः१-६, लैबव्यवस्था २१ः७-२४, २२ः१-८, प्रस्थान २८, प्रकाश २१ः१२-१४, हिब्रू ४ः१४,१५।

*कण्ठ गर्नुपर्ने पदः* "तर परमेश्वरले तिमीहरूलाई उहाँका जन हुन चुन्नु अर्थात् नियुक्ति भएको छ।....तिमीहरू आफै पवित्र राष्ट्र हौ। तिमीहरू परमेश्वरको सम्पत्ति हौ। तिमीहरूले उहाँको प्रसंशा गरून भने उहाँले तिमीहरूलाई साथमा लिनुभएको हो। यसैकारण तिमीहरूलाई अन्धकारबाट निकालेर उहाँको उदेकिलो उज्यालोमा स्थापित गर्नुभएको छ।" (१ पत्रुस २ः९ रूपान्तरित)

पन्ध्रौं शताव्धीको दशकमा जागृत इसाईहरूले पोपको आधिपत्यबाट छुटकारा पाउन अभियान चलाएका थिए। त्यस अभियानलाई इसाई इतिहासमा "प्रोटेस्टन्ट रिफोर्मेशन अर्थात् आन्दोलित सुधारबादी" भनेर कहलाइन्छ। ती अभियानका अगूवा विभिन्न भएतापनि इसाई जगतमा पण्डित अर्थात् फादर मार्तिन लुथरको नाउँ धरोहरको रूपमा उभिएको पाउँछौं। परमेश्वर र मानिसको बिचमा दुरी राख्ने रोमन क्याथोलिक चर्चको नितिहरूसँग असहमती जनाउन ती सुधारबादीहरूले महान् शिक्षादिक्षाहरू जनसमक्ष राखेका थिए। उनीहरूले सिकाएका धेरै महान् शिक्षादिक्षाहरूमा सबै विश्वासीहरू परमेश्वरका पुजारी अर्थात् पुरोहित हुन् भन्ने पनि एक प्रमूख हुन्। यो धारणा १ पत्रुस २ः९बाट निस्किएको हो। सारा इसाई विश्वासीहरू परमेश्वरको सामु पुरोहित भएर उहाँको सेवा गर्दछन् भन्ने प्रत्याभूति त्यस पदले हामीलाई दिन्दछ। किनभने सबै विश्वासीहरूमा येशू रहनुभएकोले यस संसारमा एक विश्वासीको निम्ति अर्को विश्वासी पुरोहितको रूपमा खडा हुन आवश्यक छैन। बाइबल र बाइबलमा मात्र अडिग रहने इसाई र स्वर्ग, नर्क र पृथ्वीको अधिकार पोपलाई सुम्पिएको छ त्यसकारण इसाईहरू उनको आधिपत्यमा रहेको पादरी

अर्थात् फादरहरूकहाँ पाप स्विकार गर्नुपर्छ भनेर विश्वास राख्ने रोमन क्याथोलिक चर्चका अनुयायीहरूको बिचमा भएको धेरै प्रमूख मतभेदहरूमा सबै इसाई पुजारी हुन् भन्ने सुधारबादीको आवाज उल्लेखिनय छन्। हाम्रा पापहरू स्विकार गर्न र त्यसबाट क्षमा पाउन सिधै परमेश्वरकहाँ येशूबाट हामी जानसक्छौं, त्यसकारण यस संसारमा कुनै मानिस कसैको निम्ति पुजारी भएर खडा हुनु आवश्यक छैन। पावलले १ तिमोथी २:५मा स्पष्ट पारेका छन्: "परमेश्वर केवल एक हुनुहुन्छ। अनि मानिस र परमेश्वरको बिचमा केवल एक मध्यस्थकर्तामात्र वा पुरोहित हुनुहुन्छ। त्यो हो मानव रूप धारण गरेर आउनुभएको येशू ख्रीष्ट।" (रूपान्तरित)।

सारा जगतका स्वामी तथा सृष्टिकर्ता येशू यस संसारमा मानव चोला लिएर आउनुभयो, मर्नुभयो र मृत्युबाट बौरी उठ्नुभयो। त्यसपछि उहाँ स्वर्गमै जानुभयो र हाम्रो निम्ति मूल पुजारीको रूपमा आफ्नो कार्य सुरू गर्नुभयो। मोसाको समयमा पवित्र वासस्थान अर्थात् मन्दिरमा सेवाकार्य गर्न अनेक विधिहरू जसमा बलीप्रथापनि थिए परमेश्वरले उनलाई दिनुभइको थियो। येशूलाई नै ती सबै विधिहरूले औंल्याइएका थिए। जब येशू आउनुभयो, मर्नुभयो र स्वर्गमा जानुभयो, ती सबै विधीहरू उहाँमा पूरा भएको हुनाले तब मानिसहरूले अपनाउने ती बिधिहरूको आवश्यकता खारेज भएको थियो। यसको अर्थ अब हिब्रू पवित्र स्थान अर्थात् पृथ्वीमा रहेका परमेश्वरको मन्दिरमा सेवाकार्य गर्ने पुजारीहरूको औचित्य समाप्त भएको थियो। परम्परागत नियुक्त भएका ती पुजारी अर्थात् पुरोहित वा पुरेतहरूको ठाउँमा अब नयाँ पुजारीहरू नियुक्त भएको छ। हामी प्रत्येक विश्वासीहरू त्यस नयाँ समूहमा छौं। हामी नै राजकिय पुजारी हौं (१ पत्रुस २:९)। परमेश्वरको सामु आफ्ना प्रार्थना, गुनासो र अनुरोध राख्न कुनै पनि विषेश पहिरण लगाएका पण्डित पुजारीको आवश्यकता छैन। सिधै हामीले सनातनका परमेश्वरसँग सम्पर्क राख्न सक्दछौं।

प्राचिन समयमा परमेश्वरको पवित्र स्थानमा सेवाकार्यको निम्ति पुजारीहरूले लगाउने पोसाकको बारेमा हामी यस अध्यायमा अध्ययन गर्नेछौं। नयाँ प्रणालीमा रहेका हामीहरूले पुजारी हुनुको अर्थ के रहेछ भनेर त्यस अध्ययनबाट केहि हदसम्म सिक्न सक्छौं।

## १. पुरानो करारमा अनुग्रह (प्रस्थान ३२:१-६)

येशूले स्पष्टरूपमा यो भन्नुभएकोछः "प्रत्येक व्यक्ती जसलाई धेरै दिइएको छ त्यसबाट धेरै अपेक्षा गरिन्छ। अझ धेरै कुराहरूलाई सम्हाल्ने व्यक्तिबाट धेरै कुराहरू गर्न आह्वान गरिनेछ।" (लूका १२:४८ रूपान्तरित)। येशूले खुलासा गर्नुभएको यो निति अत्यन्त प्रभावशाली छ। हामी सेभेन्थ-डे एडभेन्टिस्टलाई धेरै धेरै शिक्षादिक्षा र नितिहरू परमेश्वरले दिनुभएकोछ। हामी गम्भिररूपमा ती शिक्षादिक्षा र नितिहरूको पछि लाग्न सक्षम् भयौ भनेर त्यसले हामीलाई नै हित गर्नेछ। हामीलाई दिइएको आस्थाका शिक्षादिक्षा र अरू चर्चलाई दिइएको शिक्षादिक्षासँग अलिकतिमात्र तुलना गरौं भने पनि परमेश्वरले हामीलाई दिनुभएको ज्ञानप्रति हामी आभारित हुने प्रसस्त ठाउँ पाउँछौं। उदाहरणमा परमेश्वरको स्वभावलाई कलङ्क लगाउने पापी मरेपछि अनन्तसम्म भकभक जलिरहेको आगोमा परिरहन्छ भन्ने अरू चर्चको विश्वास, परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर चिनारी दिने शनिबारको दिनबाट आइतबार पालन गर्न अरू चर्चको विश्वास, येशूको प्रतिद्वन्धी वा आन्टिक्राइष्टको रजाइँमा केवल १४४,००० यहूदी कुमारीहरूले सुसमाचार प्रचार गरिनेछ र चर्चलाई गोप्यरूपमा स्वर्गमा लगिनेछ भन्ने अरू चर्चको विश्वास आदि। यी र अरू अनगिन्ति शिक्षादिक्षाहरूसँग असहमत जनाउँदा क्याथोकिसँगमात्र होइन कतिपय अरू प्रोटेस्टेन्ट वा सुधारवादी चर्चसँग हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू पृथक रहेको आभास पाइरहेकाहुन्छौं। पापले गर्दा मृत्यु शैयामा फसेको संसारको सेवा तथा परमेश्वरको प्रेमलाई मानवहृदयमा गाभिनको निम्ति अति धेरै उत्कृष्ट सत्यहरू परमेश्वरले हामीहरूलाई दिनुभएकोछ। (सेभेन्थ-डे एडभेन्टिष्ट हुनु अधिकारको रूपमा होइन तर अवसरको रूपमा लिइयो भनेमात्र त्यसले सिकाएका सत्य शिक्षादिक्षाहरूप्रति मानिस आभारित हुनसक्दछन्)।

लूका १२:४८लाई सिँहावलोकन गर्दा हारुनको पाप र उनले बनाएका सुनको बाच्छालाई पूजा गर्ने धर्म कतिको पतित रहेछ भनेर भण्डाफोर गर्दछ।

मोसा चालिस दिनसम्म सिनैको पहाडमा परमेश्वरबाट नितिनिर्देशन प्राप्त गरिहेको बेलामा, ल मोसा त मरेछ भनेर इस्रायलीहरू आत्तुरी भएका थिए। त्यहि आत्तुरमा तिनीहरू परमेश्वरप्रतिको आस्थाबाट पथभ्रष्ट भए र धर्मको अनुशीलनबाट गम्भिररूपमा गिरे। मोसाको दाजू हारून पनि त्यसमा फसे। आफूपनि त्यस आत्मिक भ्रष्टमा पर्न हारुनको के बहाना थियो? हेर्नुहोस्, प्रस्थान् ३२:१-६।

परमेश्वरबाट पथभ्रष्ट हुनु आफै पनि खराब हो। तर हारुन पनि त्यसबाटोम लाग्नु त अति नै खराब थियो। हारुनले पाएका सबै सम्मान र अधिकारको बारेमा सोच्नुहोस् त? परमेश्वरले मोसालाई जलिरहेको झाडीबाट बातचित गरिरहेको लगत्तैदेखि हारुन मोसासँग थिए (प्रस्थान ४:२७-३०)। मीश्र अर्थात् इजिप्तका सम्रात फारोसँग सामना गर्न हारुन मोसाको प्रवक्ता भएका थिए (प्रस्थान ७:१)। मीश्रदेशका इन्द्रजाल जादुहरूसँग सामना गरेको बेलामा हारुनले आफ्नो छडि भुईंमा फेकेर सर्प बनाएका थिए (प्रस्थान् ७:१०), आफ्नो छडी मीश्र देशले पवित्र मानेको मूल नदीमा हिर्काउँदा त्यहाँको पानि रगत भएको थियो (पद २०) र परमेश्वरलाई विषेशरूपमा देख्न अबसर पाएका कम मानिसहरूमा हारुन पनि एक थिए (प्रस्थान २४:९,१०)। सारांसमा भन्ने हो भने विश्वको अध्यात्मिक इतिहासमा हारुनले जस्तो अधिकार थोरैले मात्र पाएका थिए। तैपनि जब उनी ठूलो परिक्षामा परे, त्यसबाट उतिर्ण हुन उनी असफल भए।

तर अचम्मको कुरो त के भयो भने परमेश्वरले हारुनको पापलाई क्षमा दिनुभयो र उहाँले इस्रायलको प्रथम् मूल पुजारीमा उनलाई नियुक्त गर्नुभयो। मूल पुजारीले लगाउने पवित्र पोसाक हारुनलाई लगाउन दिइयो।

हारुनले वहन गरेको मूल पुजारीको पदले येशूले गर्नुहुने मूल पुजारीको सेवाकार्यलाई (हिब्रू ८:१) औंल्याउँदछन्। अर्को अर्थमा भन्ने हो भने, भयङ्कर पापको दोषी हारुन आफै भएको थियो। तर परमेश्वरले दिनुहुने मुक्तिको अनुग्रह प्राप्त गर्ने व्यक्ति पनि उनै भएका थिए। परमेश्वरको सदाशय र अनुग्रह यति महान थियो कि उहाँले हारुनलाई क्षमा दिनुभयो र साथै मूल पुजारीको पवित्र पद पनि सम्हाल्न दिनुभयो। हारुन, परमेश्वरको दया, करुणा र क्षमाशीलताको प्रतिक

थिए। येशूले दिनुहुने दया, शदाशयता, र मुक्ति सबैलाई प्राप्त छन् भनेर थाहा पाउन चाहन्छौं भने हारुनको जीवनलाई हेर्नुपर्दछ। हामीप्रति परमेश्वरको सदिच्छालाई प्रस्तुत गर्न हारुन विशेष उदाहरण भएर उभिएको पाउँछौं।

परमेश्वरले तपाईंलाई दिनुभएको नितिनिर्देशनबाट तपाईं कहिलै नराम्रोसँग चुक्नुभएको छ? तपाईंले जे भूल गरेतापनि तपाईं सदाको लागि हारिएको जीवन अपनाएँ भनेर पुरपूरोमा हात राखेर बस्नु आवश्यक छैन भनेर के हारुनको उदाहरणले तपाईंलाई आशा दिन्दैनन् र?

## २. पुजारी वा पूरोहितको प्रावधान (प्रस्थान २८:१)

मरुभुमीमा इस्रायलीहरू यात्रा गरिरहेको बेलामा (उत्पत्ति १४:८) लेबीकूलबाट पुजारीको मठ स्थापना गरिएको थियो। पन्द्रहसय वर्षसम्म भन्दा बढि पुजारीको कार्यप्रणाली चलेको थियो। परमेश्वरको निम्ति पुजारी हुने धारणा लामो समयदेखि नै थियो। तर जब लेबीकूलबाट पुजारीको स्थापना भयो तब पुजारीको भूमिका स्पष्ट रूपमा चित्रण भएको हामी पाउँछौं।

अघिल्लो बुँदामा हामीले हेऱ्यौं कि हारुनको पाप भयङ्कर थियो। यसको बाबजूदपनि परमेश्वरले उनलाई नयाँ पुजारीप्रणालीको प्रथम मूल पुजारीमा नियुक्त गर्नुभयो। पवित्र परमेश्वर र पतित मानिसहरूको बिचमा मध्यस्थताको काम गर्न पुजारीको आवश्यकता थियो भनेर यसबाट मानिसले बुझ्नु पर्दछ। पतित भएको हारुनले पतित भएको मानिसहरूको प्रतिनिधित्व गरेर तिनीहरूको कमीकमजोरीमा उनी संवेदनशील भएका थिए भन्न सकिन्छ।

फेरि त्यसै वखत परमेश्वरको पुजारी हुनुभनेको पवित्र गरिमामय सम्मान थियो। पवित्रता र सुद्धतालाई पुजारीहरूले प्रतिनिधित्व गर्नु पर्दथ्यो। किनभने तिनीहरू मानिसहरूको सट्टामा आफै परमेश्वरको सामु उभिएका थिए। तिनीहरू स्वच्छ, पवित्र र शुद्ध हुनु अनिवार्य थियो। यदि भएन भने तिनीहरू पुजारी भएको के मतलव भयो त? परमेश्वरको पवित्रता देखाउन तिनीहरू मानिसको नजिक रहनुपर्दथ्यो। यसकारण तिनीहरूको जीवनशैली पनि चोखो र शुद्ध हुनुपर्दथ्यो।

कस्तो खालको जीवनशैली परमेश्वरका पुजारीहरूले अपनाउन् भनेर उहाँले तिनीहरूलाई निर्देशन दिनुभएको छ? हेर्नुहोस्ः लेबी २१ः७-२४ र २२ः१-८। उनीहरूले अपनाएका ती शैलीको अर्थ के हो वा त्यसले कसलाई प्रतिनिधित्व गर्दछन्?

हुन त वर्तमान परिप्रेक्ष्यमा त्यहाँ उल्लेखित केहि कुराहरू बुझ्न हामीलाई कठिन छ। तर पुजारीको अवधारण स्पष्ट छः जीवित परमेश्वरको पुजारीको जीवनशैली अरू जनसमूदाय भन्दा फरक हुनुपर्दछ। तिनीहरू पवित्र र विषेश समूह हुन्। पवित्र मन्दिरमा रेखदेख गर्ने र त्यसमा सेवाकार्य गर्ने पुजारीहरू येशूको प्रतिक थिए। येशूले हाम्रो निम्ति के गर्ने छ सो ती पुजारीहरूका क्रियाकलापले देखाउँथे। (अर्को अर्थमा भन्ने हो भने तिनीहरू येशूका प्रतिनिधीहरू थिए)।

के हामी पनि हाम्रा वरिपरि रहेका संसारका मानिसहरू भन्दा फरक हुनु अनिवार्य छ त? यदि छ भने किन र कसरी?

## ३. पुजारीका विषेश पोशाक (प्रस्थान २८ः४)

परमेश्वरले मोसालाई दिनुभएको निर्देशन अनुसार बनेको पृथ्वीको पवित्र वासस्थान् स्वर्गको नमूना थियो। यसलाई विस्तृत रूपमा अध्ययन गऱ्यौं भने त्यहाँ कुनै पनि अनुमानित कुराहरू छैन भनेर स्पष्ट हुनुपर्दछ। ती पुजारीहरूका काम र कर्तव्यहरूको बारेमा परमेश्वरले स्पष्ट रूपमा निर्देशन दिनुभएको थियो। तिनीहरूमा उनीहरूले लगाउने पोसाक कस्तो हुनुपर्छ भन्ने निर्देशन पनि थियो। परमेश्वरले मोसालाई दिइएको निर्देशन अनुसार प्रत्येक कुरा जस्ताको त्यस्तै ती पुजारीहरूले पालन गर्नुपर्दथ्यो।

प्रस्थान २८ पढ्नुहोस्। हारुन मूल पुजारी र अरू सामान्य पुजारीहरूले कस्तो खालका लुगाहरू लगाउन पर्दछ भनेर यस अध्यायमा वयान गरिएको छ। विस्तृत रूपमा त्यसलाई छलफल नगरि यस अध्यायबाट के अध्यात्मिक पाठहरू हामीले सिक्न सक्छौं?

“पुजारीले लगाउने विषेश पोसाकका नमूना परमेश्वरले मोसालाई सिनै पहाडमा देखाउनुभएको थियो। मूल पुजारीले लगाउने लुगाको प्रत्येक भाग र त्यसलाई कसरी सिउनुपर्दछ भन्ने विस्तृत सूची

परमेश्वरले दिनुभएको थियो। पवित्र बनाइएको उनीहरूले लगाउने ती पोसाक गम्भिर कामको निम्ति थियो। त्यस पोसाको प्रत्येक अंशले येशूको चरित्रलाई देखाउँदथ्यो। सुन्दर र महिमित रूपमा ती लुगाले पुजारीलाई ढाक्दथ्यो। यसले गर्दा त्यस पुजारीको पद गरिमामय भएको थियो। जब पुजारीले त्यो विशेष पोसाक लगाउँथ्यो तब उस्ले इस्रायलको प्रतिनिधित्व गर्दथ्यो। जब पुजारीले विषेश पोसाक लगाउँथ्यो, इस्रायलीहरू यस संसारमा परमेश्वरका चुनिएका जाती हुन् भनेर इस्रायलको महिमा उस्ले देखाउनुपर्दथ्यो।"-एलेन जी ह्वाइट, द युथ इन्स्ट्रकटर, जुन ७, सन् १९००।

पुजारीले लगाउने पोसाकको प्रत्येक रङ, कपडा, सिक्री र पत्थरको अर्थ के हो भन्ने कुरालाई लिएर शताव्दियौंदेखि धेरै धारणाहरू लेखिएका छन्। ती वस्तुहरूको अर्थ जुनसुकै भएतापनि एउटा कुरामा हामी निश्चित छौंः त्यो हो ती सबै वस्तुहरूले हाम्रो मूल पुजारी येशूको सत्यता, शुद्धता, पवित्रता, सुन्दरता र गरिमामयलाई एकमुष्ठ तरिकाले प्रतिनिधित्व गर्दछ। वर्तमान समयमा उहाँ स्वर्गमा रहेको पवित्र मन्दिरमा हाम्रो निम्ति मूल पुजारीको काम सम्हालिएर बस्नुभएको छ (हिब्रू ८ः१,२)।

पुजारीहरूले विभिन्न सामग्रीहरू बोक्दथे भन्ने कुरालाई पनि ध्यान दिनुहोस् (प्रस्थान २८ः१२,२९,३०,३८,४२)। सारा मूक्तिको परियोजनामा ती सामग्रीहरूले महत्वपूर्ण भूमिका खेलेका हुन्छन्। हाम्रो सट्टामा उभिनुभएको येशूले बोक्नुहुने हाम्रा पाप र अधर्महरू, र त्यसको सजायँ आफूले भोग्न तयार हुनुभएको कुरा पुजारीले बोक्ने वस्तुहरूका अर्थले बताउँदछन्। पवित्र मन्दिरको सेवाकार्यमा पुजारीहरूले लगाउने लुगादेखि लिएर उनीहरूको सम्पूर्ण क्रियाकलापहरू प्रतिकको रूपमा खडा भएका थिए। येशूको चरित्र र हाम्रो निम्ति गरिने कामलाई देखाउने ती कुराहरू प्रतिकै प्रतिकले भरिएकाछन्।

## ४. न्यायको निम्ति छातीमा लगाउने पाता (प्रस्थान २८ः१५-३०)

पुजारीहरूले लगाउने सम्पूर्ण लुगाफाटाहरूमा मूल पुजारीले मात्र लगाउने न्यायको निम्ति छातीमा लगाउने पाटा (प्रस्थान २८ः१५)

होशियारसाथ विस्तृतरूपमा विवरण प्रस्तुत गरिएकोछ। अरू सबै लुगाफाटाहरू पुजारीले लगाउने पोसाकका पवित्र भागहरूका प्रतिक थिए। प्रस्थान २८को एक तिहाई भाग छातीमा न्यायको निम्ति मूल पुजारीले लगाउने पवित्र वस्त्रलाई वयान गर्न छुट्याइएको छ (प्रस्थान २८:१५-३०)। पवित्र मन्दिरमा पुजारीहरूले गर्ने सम्पूर्ण सेवाकार्यहरूमा न्यायको काम कत्तिको महत्वपूर्ण रहेछ भनेर ती विवरणले बताउँदछन्।

मूल पुजारीले न्यायको निम्ति छातीमा लगाउने पाटालाई विभिन्न अमूल्य पत्थरहरूले सजाएका थिए (प्रस्थान २८:१५-३०)। ती पत्थरहरूको अर्थ के हो? पुजारीले “आफ्नो हृदयमा इस्रायली छोराहरूका नाम बोक्नुपर्दछ" भन्नुको अर्थ के हो? (पद २९ र प्रकाश २१-१२-१४ पनि पढ्नुहोस्)।

येशूले आफ्ना जनहरूका नाम बोक्नुहुनेछ भनेर पुजारीको यस विशेष कार्यले देखाउँदछ। हिब्रू भाषाको पुरानो करारमा उल्लेखित “बोक्ने" भन्ने शव्दले पापलाई बोक्ने भनेर जनाउँदछ। आफ्ना सेवाकार्यहरूमा पुजारीहरूले मानिसहरूको पाप बोक्ने पनि एक प्रमूख भाग भएको छ (लैव्य १०:१७, प्रस्थान २८:३८, गन्ती १८:१,२२)। यथार्थमा पुजारीले पाप त बोक्न सक्दैन, तर इस्रायलिहरूका नाम छातीमा बोक्नु उनीहरूको पाप बोक्नु हो भनेर चिन्हको रूपमा खडा गरिएको छ। परन्तु, पुजारीले इस्रायलीहरूको अभिभारा बोक्नु हो भनेर छातीमा लगाएका पाटाले देखाएतापनि त्यसको गहिरो अर्थमा केहि भिन्नता छः परमेश्वरका जनहरूले पूर्ण रूपमा उहाँमाथि भरोसा राख्नु पर्दछ। उहाँले नै तिनीहरूलाई क्षमा दिनुहुन्छ। उहाँले नै तिनीहरूलाई सम्भार गर्नुहुन्छ। उहाँका जनहरूले पवित्र जीवन जीउन् भनेर उहाँले अपेक्षा गर्नु हुन्छ। त्यो शुद्ध तथा पवित्र जीवन जीउन चाहिने शक्ति उहाँबाट प्राप्त गर्न सकिन्छ (फिलिप्पी ४:१३) भनेर देखाउने चिन्ह हो।

पुजारीले परमेश्वरका जनहरूका नामहरू कहाँ कुँढेका हुन्छन् रे, त्यसमा ध्यान दिनुहोस्। ती पुजारीको छातीमा अर्थात् मुटुमा। बाइबलमा मुटु, प्रेम र स्नेह तथा स्याहारसुसारको प्रतिकको रूपमा औंल्याइएको छ। परमेश्वरले आफ्ना जनहरूतिर कस्तो दृष्टि राख्नुहुन्छ

भनेर पुजारीले आफ्नो मुटुमा उहाँका जनहरूका नाउँहरू बोकिरहनेबाट देखाउँदछ।

प्रत्येक कूललाई फरक फरक बहुमूल्य पत्थरले प्रतिनिधित्व गरिएको अर्को महत्वपूर्ण बुँदालाई पनि यसले औँल्याएको छ। प्रत्येक बहुमूल्य पत्थरको आआफ्नै विषेशता र गुणहरू छन्। प्रत्येक कूलको पनि आआफ्नै विशेष चरित्र, स्वभाव वा गुणहरू थिए (उत्पत्ति ४९ पढ्नुहोस्)। ती बहुमूल्य पत्थरहरूले इस्रायलका १२ कूलहरूको विशेष स्वभावहरूको प्रदर्शन गर्दछ भनेर बाइबलका विद्वानहरूले भनेका छन् भने त्यसले बाऱ्ह चेलाहरू (प्रकाश २१:१४) र चर्चका गुणहरूको पनि प्रतिनिधित्व गर्दछन् भनेर तिनीहरूको मत छ। यसमा पत्रुसले पनि भनेका छन्: चर्चमा विभिन्न जीवित पत्थरहरू छन् (१ पत्रुस २:५ रूपान्तरित)। हामी सबै विभिन्न व्यक्तित्व, चरित्र, स्वभाव र बरदान पाएका व्यक्तिहरू हुनसक्दछौं। यद्यपि, हाम्रा महान् मूल पुजारी येशूको स्वामित्व र अनुग्रहमा एउटै मत र उद्देष्यमा एकीकृत भएकाछौं।

परमेश्वरको प्रेम व्यक्तिगत रूपमा तपाईंले कहिल्यै अनुभव गर्नुभएको छ? यदि छ भने कसरी? तपाईं परमेश्वरको मुटुमा हुनुहुन्छ भनेर उहाँले तपाईंलाई कसरी देखाउनुभएको छ? ती अनुभवहरूलाई सधैं मध्यनजरमा राखीरहनु किन आवश्यकता छ? अनि आपदविपद परेको बेलामा ती अनुभवबाट शक्तिलाई खिँच्न तपाईं कसरी सक्षम् बन्न सक्नुहुन्छ?

## ५. येशू हाम्रो मूल पुरोहित (हिब्रू ४:१४,१५)

हिब्रू ४:१४,१५मा तपाईंले के आशा र प्रतिज्ञा पाउनुभएको छ? दैनिक जीवन र परिक्षासँग संघर्ष गर्नुपर्दा ती आशालाई तपाईंले कसरी प्रयोग गर्न सक्नुहुन्छ?

परमेश्वर र हाम्रो बिचमा मूल पुरोहितको काम गर्दै आज स्वर्गको पवित्र मन्दिरमा प्रभु येशू रहनुभएको छ। त्यसैकारण उहाँले पनि आफ्नो मुटुको नजिक छातीमा कवच लगाउनुभएको छ। हाम्रो निम्ति हरदम परमेश्वरसँग बोलीरहनुभएको छ (हिब्रू ७:२५)।, हाम्रा भावना, दुःख, दर्द, वेदना, समस्या तथा परिक्षाहरूप्रति हाम्रा मूल पुजारी

येशू अत्यन्त संवेदनशील भइरहनुभएको छ भन्ने आत्मज्ञानले हामीमा सान्त्वना हुनुपर्दछ। हारुनले जस्तै येशू मानिसकै चोला लिनुभएको थियो। मानिसका समस्या, परिक्षा, दुःखकष्ट आदिमा मानिसै भएर सहभागी हुनुभएकोले सबै मानिसको मर्म उहाँलाई थाहा छ। तर हारून र येशूको बिचमा एक महत्वपूर्ण अन्तर छः हारून पापी थियो भने येशू पापरहित। येशुको पापरहित जीवनले गर्दा हामीले दुई अचम्मका प्रतिज्ञाहरूलाई दावी गर्न सक्छौंः (१) उहाँमा विश्वास तथा आस्था राख्दा धर्मी तथा पवित्र जीवनको पोसाक लगाउने अवसर हामीलाई दिनुभएको छ। यसबाट हामीलाई यकिन हुन्छ कि परमेश्वरको सामु हामी सिद्ध भएर खडा हुन्छौं। (२) सैतानले ल्याएका परिक्षा र प्रलोभनहरूमा येशूले विजय प्राप्त गर्नु भएको थियो। त्यहि परिक्षा र प्रलोभनहरूबाट बिजय प्राप्त गर्न हामीलाई पनि शक्तिको उपलव्ध छ।

हिब्रू ८:१०-१३ ध्यानपूर्वक पढ्नुहोस्। ती पदहरूमा हामीलाई के वाचाहरू दिइएका छन्? ती वाचाहरू हाम्रो जीवनमा कसरी उपलव्ध हुनसक्दछन्?

प्रभु येशूमा पाउने मुक्ति र उहाँको धार्मिक पोसाक ओढ्नु भनेको के हो भनेर त्यसको अर्थ ती पदहरूले स्पष्ट रूपमा खोलीदिएकाछन्। परमेश्वरले हाम्रीले अपनाएका सबै दुष्ट मार्गहरूलाई क्षमा दिनुहुन्छ र हाम्रा पापहरूलाई विर्सिदिनुहुन्छ (पद १२) भन्ने वाचा के हाम्रो निम्ति सुसन्देश र अचम्मका छैनन् र? उक्त प्रतिज्ञा सार्वजनिक रूपमा स्वःत सबैले पाउँछ भनिएको छैन। तर प्रत्येक व्यक्ति जसले विश्वासद्वारा आफ्नो जीवनलाई येशूमा समर्पण गर्दछ र नयाँ-करारको प्रतिज्ञालाई आत्मसात् गर्दछ, त्यसले मात्र त्यस प्रतिज्ञाको प्रत्याभूती पाउँदछ। त्यस व्यक्तिको हृदयमा परमेश्वरका आज्ञा वा व्यवस्थालाई कुँढिएको हुन्छ र त्यसलाई शिरोपर गरेर सहृदयले उसले पालन गर्दछ। परमेश्वरको व्यवस्था वा दश आज्ञालाई मुक्ति पाउनको लागि मान्ने होइन तर मुक्ति पाएकोले मान्दछ। येशूको धार्मिक पोसाक ओढेर त्यस व्यक्तिले सत्य र धर्मी जीवन अपनाउँछन्। नयाँ करार व परमेश्वरसँग नयाँ सम्झौताको मूल सन्देश नै त्यही हो।

**उपसंहारः**

<u>थप जानकारी</u>ः एलेन जी ह्वाइटका यी सामग्रीहरू पढ्नुहोस्ः *पाट्रियार्क एण्ड प्रोफेटस*को "द टेवरानाकल एण्ड इटस् सर्भिसेज", पृष्ठ ३४७, ३४९, *क्राइस्ट अव्जेकट लेसनस*को "द लर्डस् भेनियार्ड" पृ. २८८, *प्रोफेटस् एण्ड किन्गस*को "डिस्ट्वायड फर लाक अभ नोलेज" पृ. २५०-२५३, *अर्ली राइटिङ्गस*को "द सान्कट्युरी" पृ. २५०-२५३ र *द ग्रेट कन्ट्रोभर्सी*को "ह्वाट इज द सान्क्ट्युरी" पृ. ४१६, "गड्स पिपुलस् डेलिभर्ड" पृ. ६४६।

"स्वर्गमा रहेको सत पवित्र मन्दिरको मूल पुजारी येशू ख्रीष्ट हुनुहुन्छ र उहाँले त्यहि हैशियतमा सेवाकार्य गरिरहनुभएकोछ। जसले येशूलाई व्यक्तिगत मुक्तिदाता भनेर स्विकार गर्दछ उसको निम्ति उहाँ परमेश्वरको सामु मूल पुजारीको रूपमा खडा हुनुहुन्छ। स्वर्गमा उहाँको विकल्प अरू कोहि पनि छैन। र स्वर्गको मात्र होइन, उहाँ चर्चको पनि मूल पुजारी हुनुहुन्छ.....।"-एलेन जी ह्वाइट, *डाट आई मे नो हिम,* पृ. ७४बाट रूपान्तरित।

"हामीले हाम्रो विश्वास तथा आस्थालई दैनिक जीवनमा प्रयोग गरिरहनुपर्दछ। र जब जब आफ्नो आस्थालाई प्रयोग गरिन्छ तब तब त्यस आस्थाको विकास हुन्छ। प्रभु येशूले हामीलाई उद्धार गर्नुहुन्छ, प्रेम गर्नुहुन्छ र उहाँको रगतले हाम्रा पापहरू धुनुहुन्छ भन्ने तत्वहरूलाई त्यस आस्थामा समावेश गर्नुपर्दछ। उहाँले गर्दा परमप्रभु परमेश्वर र पिताको निम्ति हामीहरू राजा र पुजारीहरू हुने सौभागय पाएकाछौं भन्ने विश्वासलाई आत्मसात् गर्नुपर्दछ।"-एलेन जी ह्वाइट, *सनस् एण्ड डटरस्,* पृ. २८७बाट रूपान्तरित।

**चिन्तनमननः**

१. प्रकाश १:५,६ पढ्नुहोस्। यहाँ येशूले आफ्नो कार्यविधि के हो भनेर उल्लेख गर्नुहुँदै हामीलाई अति राम्रो प्रतिज्ञा दिनुभएकोछ। हामीलाई उहाँले राजा र पुजारीहरू बनाएर सदासर्वदा उहाँको सेवा गर्नु (पद ६) भनेको के हो, त्यसमा चिन्तन गर्नुहोस्।

२. प्रस्थान २८मा उल्लेखित पुजारीहरूले लगाउने लुगाफाटाहरूको बारेमा सोच्नुहोस्। कुन आत्मिक पाठ र सत्य कुराहरू त्यसबाट हामी लिन सक्दछौं?

३. धार्मिक जीवन यापन नगरी देखावटी रूपमा केवल धर्मीका पोसाक मात्र लाएर बस्नु कत्तिको खतरापूर्ण छ भनेर हामीलाई सतर्क गराइएको छ। हामीले गर्ने चिन्तन र कामहरूलाई कसरी जाँच्ने सो बिचार गरौं। के हामीले साँच्चिक्कै उहाँका धार्मिक पोसाक पहिरिरहेकाछौं त? वा हामीले त्यस पोसाक लगाइरहेको केवल भान मात्र भइरहेको छ? हामी येशूका भक्त हौं भनेर मुखले त भन्ने तर कामले देखाउन असक्षम् हुँदा के हामी आफैले आफैलाई त मूर्ख बनाइरहेकाछैनौं त? यसबारे हामी कसरी यकिन हुने? के हामी येशूको धार्मिक पोसाकले ढाकिएर चलिरहेकाछौं कि वा हाम्रै नङ्गनतालाई खुलाउँदै मानिसहरूको सामु हिंडिरहेकाछौं?

४. हारूनलाई दिइएको क्षमा र अनुग्रहको बारेमा चर्चपरिचर्चा गर्नुहोस्। परमेश्वरले हारुनलाई अत्यन्त महान् अभिभारा सुम्पनुभएको थियो, तर उसको मानविय कमजोरले गर्दा त्यसमा उसले फेल खायो। त्यसको फलस्वरूप इस्रायली शिविरमा ठूलो विपद भएको थियो। तर पछि हारूनलाई अझ ठूलो अभिभारा सुम्पिएको थियो। चर्चमा कसैलाई दिइएको ठूलो अभिभाराबाट कोहि चुक्छन् भने त्यसको नतिजा के हुने रहेछ भनेर हारुनको कथाबाट हामीले के सिक्दछौं?